# कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❑ वर्ष : २५ ❑ अंक : २६३ ❑ आइतवार, २१ असार, २०८३ ❑ Sunday, 5 July 2026 ❑ नेपाल संवत ११४६ ❑ पृष्ठ : ४ ❑ मूल्य : रु. १०


## शासकीय सुधार कार्यसूची कार्यान्वयनको प्रगति ८७ प्रतिशत



❑ **कांक्रेविहार संवाददाता**
काठमाडौं, २० असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारले घोषणा गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनको प्रगति ८७.२ प्रतिशत रहेको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज सरकारको १०० दिनको प्रमुख उपलब्धि सार्वजनिक गर्दै प्रवक्ता सस्मित पोखरेलले १०० बुँदे कार्यसूचीको ७० वटा बुँदा कार्यान्वयन भइसकेको जानकारी दिए।

उनका अनुसार १७ बुँदाको प्रगति ८० प्रतिशत माथि छ भने १३ बुँदाको प्रगति ६० प्रतिशतभन्दा कम रहेको छ।

वर्तमान सरकारले गत १३ चैतमा समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने उद्देश्यसहित नतिजामा आधारित शासकीय प्रबन्ध लागू गर्ने घोषणा गरेको थियो।

### गाउँका दुख:

# सुविधा आयो, मानिस गए

❑ **कांक्रेविहार संवाददाता**
सुर्खेत, २० असार

एक समय नेपालको पहाडी भूभाग विकासको अभावले चिनिन्थ्यो । सडक थिएन, बिजुली थिएन, गुणस्तरीय विद्यालय र स्वास्थ्य संस्था थिएनन्। गाउँका नागरिकले सामान्य सेवा लिन पनि घण्टौं पैदल यात्रा गर्नुपर्ने अवस्था थियो। त्यसैले विकास गाउँसम्म पुऱ्याउने राज्यको मुख्य लक्ष्य बन्यो। सडक, विद्युत्, सञ्चार, खानेपानी, शिक्षा र स्वास्थ्यमा अर्बौं रुपैयाँ लगानी गरियो। तर, विकासका यी पूर्वाधार गाउँ पुग्दै जाँदा अर्को गम्भीर समस्या देखापऱ्यो गाउँ रित्तिने र शहर भरिने ।

आज कर्णालीका अधिकांश पहाडी गाउँमा सडक पुगेको छ। मोबाइल, इन्टरनेट, बिजुली, विद्यालय, स्वास्थ्य चौकी, खानेपानीजस्ता आधारभूत सेवा विस्तार भएका छन्। तर विडम्बना, यिनै गाउँबाट मानिसहरू निरन्तर शहरतर्फ बसाइँ सर्दै छन्। विकासले गाउँलाई सहज बनायो, तर गाउँलेलाई गाउँमै रोक्न सकेन।

### द्वन्द्वबाट सुरु भएको बसाइँसराइ

२०५२ सालदेखि सुरु भएको सशस्त्र द्वन्द्वले हजारौं परिवार विस्थापित भए। तत्कालीन माओवादी र राज्यपक्षबीचको हिंसात्मक द्वन्द्वका कारण धेरै नागरिकले आफ्नो जन्मथलो छाड्नुपऱ्यो। जाजरकोटका रज्जबहादुर बुढा पनि त्यही पीडाका प्रतिनिधि पात्र हुन्। उनी गाउँकै विद्यालयमा शिक्षक थिए। उनका भाइ नेपाल प्रहरीमा कार्यरत थिए। माओवादी

बाँकी पृष्ठ २



### पूर्वाधार बढ्यो, जनसंख्या घट्यो

दैलेखका शिक्षक देवेन्द्र अधिकारी तीन दशकभन्दा बढी समयदेखि गाउँमै शिक्षण गर्दै आएका छन्। उनी भन्छन्, पहिले सडक नहुँदा गाउँका मानिसहरू शिक्षा र उपचारका लागि निकै दुःख पाउँथे। अहिले ती सुविधा गाउँमै उपलब्ध छन्। तर अहिलेको चुनौती फरक छ , गाउँमा विद्यार्थी नै छैनन्।

तीन वर्षअघिसम्म हजारभन्दा बढी विद्यार्थी रहेको विद्यालय अहिले करिब पाँच सयमा सीमित भएको छ। विद्यालयको गुणस्तर कमजोर भएर होइन, बसाइँसराइका कारण विद्यार्थी घटेका हुन्। अधिकारीका अनुसार गाउँबाट सबैभन्दा धेरै बसाइँ सर्ने वर्गमा शिक्षकहरू नै छन्। जीवनभर गाउँमा सेवा गरेका शिक्षकहरूले समेत आफ्नो भविष्य शहरमा देख्न थालेपछि गाउँको अवस्था सहजै अनुमान गर्न सकिन्छ।

### सडकले सम्भावना खोल्यो, गाउँ भने खाली भयो

मध्यपहाडी राजमार्ग निर्माणको मुख्य उद्देश्य पहाडमा विकास विस्तार गर्नु र बसाइँसराइ रोक्नु थियो। राजमार्ग बनेपछि गाउँसम्म गाडी पुगे, स्थानीय उत्पादनले बजार पायो, व्यापार बढ्यो, नयाँ अवसर सिर्जना भए। तर दैलेखका होटल व्यवसायी पूर्ण रावतको अनुभव फरक छ।

उनका अनुसार सडक खुलेपछि सुविधा बढ्यो, तर गाउँमा मानिस घटे। केही वर्षमै डेढ सयभन्दा बढी परिवार गाउँ छोडेर शहर झरे। जाजरकोटकी ८५ वर्षीया जुनकिरी शाही पनि विगतको परिवर्तन सम्झन्छिन्। उनी युवावस्थामा रिम्ना बसाइँ सर्दा त्यहाँ जंगल मात्रै थियो। विस्तारै बजार बस्यो। तर अहिले सडक पुगेपछि उल्टै मानिसहरू त्यहाँबाट सुर्खेत, बाँके, बर्दिया र दाङतिर बसाइँ सर्न थालेका छन्।

### तथ्यांकले पनि देखायो गम्भीर अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा जन्मस्थान छोडेर अन्यत्र बसाइँ सर्ने जनसंख्या २९.२ प्रतिशत पुगेको छ।

पहाडी क्षेत्रमा मात्रै करिब ३२ प्रतिशत मानिस आफ्नो जन्मथलो छोडिसकेका छन्।

७७ जिल्लामध्ये ५८ जिल्लाको खुद आन्तरिक बसाइँसराइ दर ऋणात्मक छ।

अर्थात् ती जिल्लामा आउनेभन्दा जानेको संख्या धेरै छ।

मध्यपहाडी राजमार्गले छोएका २६ जिल्लामध्ये अधिकांश जिल्लामा जनसंख्या घटिरहेको छ।

यसले स्पष्ट देखाउँछ, पूर्वाधार पुगे पनि जनसंख्या टिक्न सकेको छैन।

### किन रोकिएन बसाइँसराइ ?

जनसंख्या विज्ञहरूको निष्कर्षमा बसाइँसराइको मुख्य कारण सडकको अभाव होइन। रोजगारी, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, आर्थिक अवसर, सुरक्षित भविष्य र आधुनिक जीवनशैलीप्रतिको आकर्षण मुख्य कारण बनेका छन्। संघीयता लागू भएपछि गाउँसम्म पूर्वाधार पुगे पनि आर्थिक गतिविधि त्यति बढ्न सकेन। उद्योग, व्यवसाय, कृषि आधुनिकीकरण, उद्यमशीलता र रोजगारी सिर्जना नहुँदा युवाहरू शहर र विदेशतर्फ आकर्षित भइरहेका छन्। विदेशबाट आएको आम्दानीले पनि परिवारलाई शहरमा बस्ने आर्थिक क्षमता दिएको छ। राम्रो विद्यालय, अस्पताल र सुविधाको खोजीमा परिवारले शहर रोजिरहेका छन्।

### विकास र जनसंख्याबीच बढ्दो असन्तुलन

गाउँबाट शहरतर्फको तीव्र बसाइँसराइले विकास बजेट वितरणमा समेत असन्तुलन सिर्जना गरेको छ। जस्तै, वीरेन्द्रनगरको स्थायी जनसंख्या करिब डेढ लाख भए पनि सेवा लिने जनसंख्या पाँच लाखभन्दा बढी पुगेको छ। यसले शहरमा पूर्वाधारमाथि अत्यधिक दबाब बढाएको छ भने गाउँमा बनाइएका विद्यालय, स्वास्थ्य संस्था र अन्य संरचना उपयोगविहीन बन्दै गएका छन्। कतै जनसंख्या अत्यधिक थुप्रिने र कतै गाउँ नै रित्तिने अवस्था दीर्घकालीन रूपमा राष्ट्रिय विकासका लागि गम्भीर चुनौती बन्न सक्छ।

## कर्णालीमा बेपत्ता गाडी-यात्रु खोजीमा गोताखोर परिचालन

❑ **कांक्रेविहार संवाददाता**
दैलेख, २० असार

दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिका-७ साङ्तेडास्थित कर्णाली राजमार्गमा भएको दुर्घटनापछि बेपत्ता गाडी तथा यात्रुको खोजीका लागि सशस्त्र प्रहरी बल नेपाल, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट गोताखोर टोली परिचालन गरिएको छ।



सशस्त्र प्रहरी निरीक्षक प्रेमबहादुर तामाङको कमाण्डमा चार जना गोताखोरसहितको टोली घटनास्थलतर्फ प्रस्थान गरेको हो। टोली शनिबार घटनास्थल पुगेर अत्याधुनिक उपकरणसहित खोजी कार्य सुरु गर्ने सशस्त्र प्रहरी नायब उपरीक्षक एवम् सह-प्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए। टोलीले पानीमुनि तथा तीव्र बहावमा खोजी गर्न प्रयोग हुने सोनार क्यामरा, म्याग्नेटलगायतका उपकरण प्रयोग गर्ने जनाएको छ।

सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी असार १८ गते सडकबाट अन्दाजी ६-७ सय मिटर तल कर्णाली नदीमा खसेको थियो।

दुर्घटनापछि जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल गुल्म दैलेख, माथिल्लो कर्णाली जलविद्युत् आयोजना सुरक्षा बेस तथा सशस्त्र प्रहरी बल नेपाल नं. ६ महेश्वरी वाहिनी मुख्यालय सुर्खेतबाट समेत ६ जना गोताखोरसहितको टोली उद्धारका लागि परिचालन गरिएको थियो। सोही दिन दुर्घटनास्थलबाट करिब ४ सय मिटर तल भिरमा अड्किएको अवस्थामा एक पुरुषको शव फेला पारेर निकालिएको थियो। गाडी र अन्य यात्रुको अवस्था भने हालसम्म अज्ञात रहेको प्रहरीले जनाएको छ।

## कर्णाली प्रदेश सरकारको बजेट सर्वसहमतिले पारित

❑ **कांक्रेविहार संवाददाता**
सुर्खेत, २० असार

कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट सर्वसहमतिले पारित भएको छ। प्रदेश सरकारले उक्त आव का लागि रु ३५ अर्ब ३९ करोड बजेट ल्याएको थियो।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशनको शनिवार बसेको २०औं बैठकमा सभामुख नन्दा गुरुङले आर्थिक मामिला तथा योजनामन्त्री राजीवबिक्रम शाहलाई कर्णाली प्रदेशसभा नियमावली २०८१ को नियम १४१ को उपनियम १२ बमोजिम कर्णाली प्रदेश



विनियोजन विधेयक २०८३ र सोही नियमवालीको १४८ बमोजिम कर्णाली प्रदेश आर्थिक विधेयक २०८३ सहित आगामी आव. २०८३/०८४ को समग्र बजेट पारित गरियोस भनी सभामा प्रस्ताव गर्न समय दिए।

मन्त्री शाहले कर्णाली प्रदेशसभा नियमावली २०८१ को नियम १४१ को उपनियम १२ बमोजिम विनियोजन तथा आर्थिक विधेयकसहित आव. २०८३/०८४ को समग्र बजेट पारित गरियोस भनी सभामा प्रस्ताव गरे।

सभामुख गुरुङले सभाका सदस्यहरूको ध्वनि मतका आधारमा आव. २०८३/०८४ बजेट सर्वसहमतिले पारित भएको घोषणा गरे। उनका अनुसार सभाको अर्को बैठक असार २२ गते सोमबार दिउँसो ३:०० बजे बस्नेछ।

सम्पादकीय

# लगानी बढ्यो, जवाफदेहिता खै?

कर्णालीको आर्थिक समृद्धिको आधारका रूपमा हेरिएका जगदुल्ला र नलगाड जलविद्युत् आयोजना फेरि एकपटक प्रश्नको घेरामा परेका छन् । महालेखा परीक्षकको ६२औँ वार्षिक प्रतिवेदनले यी आयोजनामा वित्तीय अनुशासन, ठेक्का व्यवस्थापन र आयोजना कार्यान्वयनमा गम्भीर कमजोरी औँल्याएको छ । यसले समस्या केवल ढिलाइको मात्र नभई सार्वजनिक लगानीको प्रभावकारितामाथि पनि प्रश्न उठाएको छ ।

जगदुल्ला आयोजनामा लगानी र सम्पत्ति बढे पनि आम्दानी र नाफा निरन्तर घट्नु सकारात्मक संकेत होइन । निर्माणाधीन आयोजनामा ठूलो रकम खर्च भइरहँदा प्रतिफल भने न्यून देखिएको छ । अर्कोतर्फ नलगाड जलविद्युत् आयोजनाको अवस्था अझ चिन्ताजनक छ । स्वतन्त्र लेखापरीक्षकले नै वित्तीय विवरणमाथि राय दिन नसक्नु भनेको कम्पनीको वित्तीय व्यवस्थापनप्रति गम्भीर अविश्वास पैदा हुनु हो । यो सामान्य प्रशासनिक कमजोरी होइन, सुधार गर्नैपर्ने चेतावनी हो । अझ दुःखद पक्ष भनेको एउटै आयोजना वर्षौंसम्म म्याद थपिँदै जानु र ठेकेदारमाथि सम्झौताअनुसार कारबाही नहुनु हो । परामर्श सम्झौता नौ पटक र पहुँचमार्ग निर्माण सात पटकसम्म म्याद थपिनु विकास आयोजना कसरी लापरवाहीको शिकार बन्छन् भन्ने उदाहरण हो । समयमै काम सम्पन्न नगर्ने प्रवृत्तिलाई संरक्षण गर्ने होइन, सम्झौताअनुसार क्षतिपूर्ति असुल गर्दै जवाफदेहिता स्थापित गर्नुपर्छ ।

जलविद्युत् कर्णालीको भविष्यसँग जोडिएको क्षेत्र हो । तर आयोजना व्यवस्थापन कमजोर हुने, निर्णय प्रक्रियामा ढिलाइ हुने र वित्तीय अनुशासन फितलो रहने हो भने लगानी मात्र बढ्ने, उत्पादन र प्रतिफल भने टाढिँदै जाने अवस्था दोहोरिन्छ । यस्तो प्रवृत्तिले सरकारी संयन्त्रप्रति जनविश्वास पनि कमजोर बनाउँछ । महालेखाको प्रतिवेदनलाई औपचारिक टिप्पणीका रूपमा होइन, सुधारको अवसरका रूपमा लिन जरूरी छ । आयोजना समयमै सम्पन्न गर्ने, वित्तीय पारदर्शिता कायम गर्ने र ठेक्का व्यवस्थापनलाई कडाइका साथ लागू गर्ने काम अब सम्बन्धित निकायको प्राथमिकतामा पर्नुपर्छ । अन्यथा कर्णालीका यी महत्वाकांक्षी आयोजना पनि लागत बढ्ने, समय लम्बिने र अपेक्षित प्रतिफल नदिने सरकारी आयोजनाको सूचीमा सीमित हुनेछन् ।

# राष्ट्रलाई व्यवस्थित र सुरक्षित अभिलेखालय किन चाहिन्छ?



सीताराम बडाल

एक प्रसङ्गबाट विषय सुरु गरौँ । नेपाल सरकार मन्त्रिपरिषद्को २०८३ वैशाख २ गतेको निर्णयानुसार, पहिलो चरणमा आव २०६२/०६३ देखि २०८२/०८३ चैत मसान्तसम्मको अवधिमा सार्वजनिक पद धारण गरेका र सो अवधिमा बहाल रही जुनसुकै किसिमले सेवाबाट अवकाश भइसकेका राजनीतिक पदाधिकारी, कर्मचारी तथा उनीहरूका परिवारसमेतका नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण सङ्कलन र छानबिन गरी प्रतिवेदन पेस गर्ने प्रयोजनका लागि 'सम्पत्ति छानबिन आयोग, २०८३' गठन गरी काम अघि बढाइसकिएको छ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नेपाल राजपत्र खण्ड ७६, २०८३ वैशाख २ मा प्रकाशित पूर्व अतिरिक्ताङ्क १ र २०८३ वैशाख १४ मा प्रकाशित अतिरिक्ताङ्क २ को सूचनाबाट तोकिएको कार्यादेशबमोजिम सम्पत्ति विवरण सङ्कलन र जाँचबुझको काम आयोगले २०८३ वैशाख १० गतेबाट काठमाडौँको ठमेलस्थित केशर पुस्तकालय रहेको भवनमा कार्यालय स्थापना गरी गरिरहेको छ।

पहिलो चरणमा जेठ मसान्तसम्म सम्पत्ति विवरण बुझाउने समय दिइएको थियो । तर, कतिपय सार्वजनिक पदाधिकारी र कर्मचारीहरूले प्रमाण सङ्कलन गर्नुपर्ने र कतिपय विदेशमा रहेका कारण सो अवधिभित्र विवरण दाखिला गर्न समय अपुग भएको भन्दै म्याद थपका लागि अनुरोध गरेका थिए। सोही आधारमा २०८३ असार मसान्तसम्म विवरण पेस गर्न अन्तिमपटक म्याद थप गरिएको सूचना आयोगले जेठ २७ गते प्रकाशन गरेको छ।

आयोगको ठमेलस्थित कार्यालय (केशर पुस्तकालय भवन) मा सम्पत्ति विवरण बुझाउनेको भिड लागिरहँदा, विवरण बुझाउनुपर्ने भनी तोकिएका पूर्व तथा बहालवाला पदाधिकारीहरू भने आफूसँग सम्बन्धित कार्यालय, बैङ्क, मालपोत, राष्ट्रिय किताबखाना, निवृत्तिभरण व्यवस्थापन कार्यालय, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायत निकायहरूमा धाइरहेका छन् । यहाँबाट सुरु हुन्छ, सरकारी अभिलेखको अव्यवस्थाका कारण सरोकारवालाहरूले भोग्नुपरेको सास्ती।

कहिल्यै नष्ट गर्न नमिल्ने पुराना अभिलेखहरू सुरक्षित राख्ने दायित्व भएका कर्मचारीको लापरबाहीका कारण ती कागजात पाउन सकिने अवस्था छैन । नेपालका सरकारी कार्यालयहरूको अभिलेख प्रणाली भरपर्दो र वैज्ञानिक छैन भन्दा पनि हुन्छ। यद्यपि, केही कार्यालयको अभिलेख व्यवस्थापन राम्रो पनि छ । सरकारी कार्यालयका कतिपय पुराना कागजपत्रहरू प्रक्रिया पुऱ्याएरै धुल्याइसकिएको छ भने सुरक्षित राख्नुपर्ने कतिपय कागजात अज्ञानतावश नष्ट गरिएका छन्। कतिपय कहिल्यै नष्ट गर्न नमिल्ने अभिलेखहरूसमेत जलेर, पानीमा भिजेर, धमिरा वा किरा लागेर नष्ट भइसकेको अवस्था छ।

कहिल्यै नष्ट गर्न नमिल्ने पुराना अभिलेखहरू सुरक्षित राख्ने दायित्व भएका कर्मचारीको लापरबाहीका कारण ती कागजात पाउन सकिने अवस्था छैन। हुन त ती सबै सरकारी कागजातलाई 'डिजिटलाइज्ड' गरेर व्यवस्थित रूपमा राख्नुपर्ने हो, तर तिनको कुनै लेखाजोखा छैन। सरकारी कामलाई व्यवस्थित बनाउन सरकारले 'एकद्वार प्रणाली' (वान डोर सिस्टम) मार्फत अभिलेख व्यवस्थापनको काम गर्नुपर्ने आवश्यकता देखिन्छ।

मालपोत, जिल्ला प्रशासन, नापी, भूमिसुधारलगायत कार्यालयहरूमा पुराना अभिलेख भेट्न ज्यादै मुस्किल छ, कति त भेटिँदैनन् नै । पहिले किनबेच भएका घरजग्गाको राजीनामा, तमसुकलगायतका कागजात मुस्किलले भेटिन्छन्, कति त भेटिँदै भेटिँदैनन्। अड्डाको कागज वा अभिलेख दुरुस्त नभएमा वा नभेटिएमा कसैले जिम्मेवारी लिनुपर्दैन । 'तपाईंको कागज वा फाइल भेटिएन' भनिदिए पुग्छ।

खोजेर नभेटिएको हो कि त्यसै 'भेटिएन' भनिएको हो, बुझ्न सकिने अवस्था छैन। राष्ट्रिय किताबखानाले कर्मचारीको तलबको विवरण उपलब्ध गराए पनि टीए/डीए (भ्रमण भत्ता), दसैँ खर्च र अन्य विभिन्न भत्ताहरूको रेकर्ड राखेको पाइँदैन। त्यसको अभिलेख कतैबाट पाउन सकिने अवस्था पनि छैन। कर्मचारीले काम गरेको तत्कालीन समयको कार्यालयले त यसको विवरण राख्नुपर्थ्यो, तर त्यहाँ पनि छैन वा भेटिँदैन।

निवृत्तिभरण व्यवस्थापन कार्यालयले भने हालसम्म प्राप्त गरेको पेन्सन रकमको विवरण दिएको छ। कर्मचारी सञ्चय कोषले विवरण दिए पनि २०५९ सालअघिको ऋणको विवरण एकमुस्ट मात्र उपलब्ध गराएको छ, कुन-कुन मितिमा लिएको हो भन्ने खुलेको छैन। नागरिक लगानी कोषले जम्मा भएको रकमको सम्पूर्ण विवरण दिनुपर्नेमा लिएको ऋण कटाएर खुद भुक्तानी रकम मात्र उल्लेख गर्ने गरेको पाइएको छ।

विभिन्न कार्यालय र निकाय घुमेर कागजपत्र जुटाई सम्पत्ति विवरण बुझाउने दायित्व तोकिएका धेरै व्यक्तिहरू हैरानी खेपेर पनि अन्ततः 'तपाईंको कागजात भेटिएन' भन्ने जवाफ मात्र लिएर फर्कन बाध्य छन्।

कर्मचारी सरुवा भएका कार्यालयहरूमा पनि यसको विवरण राखिनुपर्ने हो, तर राखेको पाइँदैन। उदाहरणका लागि, कुनै कर्मचारी १७ वर्षअघि दुर्गम स्थानको कुनै कार्यालयबाट अवकाश भएको रहेछ भने, उसले पुनः त्यहाँ पुगेर अवकाश हुँदा पाएको सञ्चित बिदा र औषधि उपचारबापतको रकमको विवरण लिन सक्ने अवस्था छैन । सम्बन्धित कार्यालयले पनि 'विवरण भेटिएन' भनी टार्ने गरेको छ।

विभिन्न कार्यालय र निकाय घुमेर कागजपत्र जुटाई सम्पत्ति विवरण बुझाउने दायित्व तोकिएका धेरै व्यक्तिहरू हैरानी खेपेर पनि अन्ततः 'तपाईंको कागजात भेटिएन' भन्ने जवाफ मात्र लिएर फर्कन बाध्य छन् । सम्पत्ति छानबिन आयोगलाई विवरण बुझाउने सन्दर्भमा कागजात खोज्दा भुक्तभोगीहरूले खेप्नुपरेको यो हैरानी सरकारी अभिलेख कति अव्यवस्थित छ भन्ने गतिलो उदाहरण हो।

यस्ता अभिलेख आवश्यकता पर्ने क्षेत्र अरू कैयौँ हुन सक्छन् र यसअघि पनि यस्ता कठिनाइहरू धेरैले भोगिसकेका हुन सक्छन् । त्यसैले यस्तै भोगाइलाई पाठ मानी सरकारले हरेक क्षेत्रको अभिलेखको वैज्ञानिक व्यवस्थापनमा आजैबाट काम सुरु गर्नुपर्ने देखिन्छ। नेता वा सांसदकै हकमा कुरा गर्दा, उनीहरूले कहाँ-कहाँबाट कति तलब र भत्ता लिए भन्ने विवरण संसद् सचिवालयमा त होला, तर साबिक जिविस तथा स्थानीय तहहरूबाट लिएको विवरण पाउन मुस्किल छ। आफ्नो कार्यकाल सकिएपछि उनीहरू सबै आ-आफ्नो बाटो लाग्छन्। राज्यको कुनै पनि निकायलाई यस विषयमा सोच्ने फुर्सद छैन । जबकि, राष्ट्रलाई व्यवस्थित र सुरक्षित अभिलेखालय किन चाहिन्छ भन्नेबारे हामीले गम्भीर नीतिगत चिन्तन गर्नुपर्ने थियो। यसबाटै हाम्रो सरकारी अभिलेखालयको दुरवस्था प्रस्ट हुन्छ । २०८२ भदौ २४ को घटनामा क्षति पुगेका अदालत, मालपोत, नापी, मन्त्रालयलगायत विभिन्न सरकारी निकायको अभिलेख तथा दस्ताबेजको अवस्था हालसम्म के-कसो छ भन्नेबारे कसैले केही भनेको छैन । अनि, जनताले पनि यसबारेमा केही जानकारी पाएका छैनन् । हामीले कुनै पनि क्षेत्रमा अभिलेख तथा दस्तावेजीकरणका विषयमा कहिल्यै ध्यान नदिएका कारण भोग्नुपरेका यस्ता अप्ठ्याराका सयौँ उदाहरण छन्। तर, हामीले यस विषयमा गम्भीर राजनीतिक र प्रशासनिक निर्णय लिने कहिले?

यसमा ध्यान दिने कसले? यो गम्भीर नीतिगत काम हो भन्ने कसले बुझ्ने र कसरी बुझाउने? विगतमा स्थानीय तहमा काम गर्ने कर्मचारीको अभिलेखका बारेमा कसले बोलिदिने? जिल्ला प्रशासन कार्यालयमै पनि नागरिकतालगायत पुराना कागजातका विवरण भेट्न गाह्रो छ।

# ४६५ विस्थापित सुकुम्बासी परिवारलाई राहत वितरण

कांक्रेविहार संवाददाता
काठमाडौं, २० असार

सरकारले काठमाडौं उपत्यकाका विभिन्न सुकुम्बासी बस्तीबाट विस्थापित भएका ४६५ परिवारलाई राहत रकम उपलब्ध गराएको जनाएको छ। सरकार गठनको सय दिन पूरा भएको अवसरमा शनिबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता सस्मित पोखरेलले यस्तो जानकारी दिएका हुन्।

सरकारले प्रभावित परिवारलाई राहत उपलब्ध गराउने कार्य अघि बढाइएको पोखरेलले बताए। उनका अनुसार



विस्थापनबाट प्रभावित परिवारलाई राहतमार्फत तत्काल सहयोग पुऱ्याउने उद्देश्यले रकम वितरण गरिएको हो ।

राहत वितरणसँगै प्रभावित परिवारका समस्या समाधानका लागि आवश्यक अन्य पहलसमेत अघि बढाइएको सरकारको भनाइ छ।

उनीहरूलाई ५ जेठमा मन्त्रिपरिषद् बैठकले गरेको निर्णयअनुसार प्रति परिवार २५ हजार रुपैयाँका दरले राहत रकम प्रदान गरिएको पोखरेलले जानकारी दिए।

# दैलेख ग्यास भण्डार उपयोगबाट बिजुलीदेखि मलसम्म उत्पादन हुने

कांक्रेविहार संवाददाता
काठमाडौं, २० असार

दैलेखको जलजले क्षेत्रमा ११२.१ अर्ब घन मिटर प्राकृतिक ग्यासको विशाल भण्डार रहेको तथ्य प्रारम्भिक अध्ययनबाट पुष्टि भएको सरकारले जनाएको छ।

बालेन्द्र शाह नेतृत्वको सरकारले सार्वजनिक गरेको १०० दिने उपलब्धि प्रतिवेदनमा यो भण्डारको व्यावसायिक उपयोगबाट नेपालको ऊर्जा र कृषि क्षेत्रमा क्रान्तिकारी परिवर्तन आउने सम्भावना देखिएको उल्लेख छ।

अध्ययनअनुसार यो ग्यास भण्डारको उपयोग गरी २०० मेगावाट विद्युत उत्पादन गर्न सकिनेछ। साथै, नेपालका किसानहरूले वर्षौंदेखि भोग्दै आएको मलको अभाव टार्न दैनिक २ हजार २०० टन युरिया मल उत्पादन गर्न सकिने सैद्धान्तिक आधार तयार भएको छ। यसका अतिरिक्त सवारी इन्धनका रूपमा प्रयोग हुने सीएनजी र पीएनजी ग्यास उत्पादनको समेत प्रबल सम्भावना देखिएको प्रतिवेदनमा उल्लेख छ।

परियोजनालाई अगाडि बढाउन ठुलो लगानी र भौतिक पूर्वाधारको विकास प्रमुख चुनौतीका रूपमा रहेको सरकारले औँल्याएको छ।

सरकारले यस परियोजनालाई व्यवस्थित रूपमा अगाडि बढाउन विस्तृत प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययनलाई तीव्रता दिने कार्ययोजना तर्जुमा गरेको छ। साथै, आवश्यक प्राविधिक जनशक्ति विकासका लागि विश्वविद्यालयहरूसँग सहकार्य गर्ने र क्षेत्रगत राष्ट्रिय मापदण्ड निर्धारण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने प्रतिवेदनमा उल्लेख छ।

## द्वन्द्वबाट...

आक्रमणमा भाइको मृत्यु भएपछि परिवार असुरक्षित भयो। सरकारी सेवामा भएकाहरू निरन्तर निशानामा परे। अन्ततः उनीहरू गाउँ छोडेर सुर्खेत बसाइँ सरे। द्वन्द्व समाप्त भयो। देश शान्ति प्रक्रियामा आयो। सडक गाउँसम्म पुग्यो। बिजुली, विद्यालय, स्वास्थ्य संस्था र सञ्चार सेवा विस्तार भए। झण्डै २२ वर्षपछि बुढा पुनः आफ्नै गाउँ फर्किए। तर उनले फर्केर देखेको दृश्य फरक थियो। गाउँमा विकास पुगेको थियो, तर गाउँका मानिसहरू भने शहरतिर गइरहेका थिए। उनी भन्छन्, पहिले सुविधा थिएन, त्यसैले गाउँ छाडियो। अहिले सुविधा गाउँमै पुगेको छ, तर मान्छेहरू अझै शहरतिरै गइरहेका छन्।

# कैलाश दर्शन गर्न जाने पर्यटकमा वृद्धि



कााँक्रेविहार संवाददाता
हुम्ला, २० असार

सरकारले दिएको दुई दिने सार्वजनिक बिदाका कारण हुम्लाको नाम्खा गाउँपालिका-६ स्थित हिमालपारिको क्षेत्र लाप्चाबाट मानसरोवर-कैलाशको दर्शन गर्न जाने आन्तरिक पर्यटकको संख्या बढेको छ। दुई दिनमा लाप्चा पुगेर सदरमुकाम सिमकोट फर्किन सकिने भएकाले बिदाको समयमा त्यहाँ जाने पर्यटक बढेका हुन्।

सरकारले आइतबार सार्वजनिक बिदा लागू गरेसँगै लगातार दुई दिनको बिदा हुँदा लाप्चाबाट मानसरोवर-कैलाशको दर्शन गर्न जाने आन्तरिक पर्यटकको संख्या उल्लेख्य रूपमा बढेको लिमीका वडा अध्यक्ष पाल्जोर तामाङले बताए। गत जेठ महिनाको अन्तिमदेखि लाप्चा क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकका लागि खुला गरिएको हो।

सामान्य समयमा पनि पर्यटक जाने गरे पनि दुई दिनको लगातार बिदाका कारण विशेषगरी कर्मचारीहरू बढी संख्यामा लाप्चा पुग्न थालेको उनको भनाइ छ। दुई दिनमा लाप्चा पुगेर मानसरोवर-कैलाशको दर्शन गर्न सकिने भएकाले आन्तरिक पर्यटकको चाप बढ्दै गएको उनले बताए।

विशेषगरी शनिबार सिमकोटबाट आठ-दस वटा बोलेरो जिप लाप्चातर्फ प्रस्थान गर्ने गरेका छन्। दुई दिनको बिदा सदुपयोग गर्दै घुमफिर तथा मनोरञ्जनका लागि पर्यटकलाई सहज भएको कोष तथा लेखा नियन्त्रण कार्यालयका लेखापाल हिमाल रोकायाले बताए। उनी शनिबार आफ्ना सात जनाको समूहसहित लाप्चातर्फ प्रस्थान गरेका थिए।

लाप्चा यात्राका क्रममा पहिलो दिन टाक्ची वा तुम्लिङमा बास बस्ने र दोस्रो दिन बिहान करिब साढे दुई घण्टाको यात्रा गरेर लाप्चा पुगेर मानसरोवर-कैलाशको दर्शन गरी सोही दिन सिमकोट फर्किन सकिन्छ। ती स्थानमा बास बस्ने होटलहरू उपलब्ध भएकाले यात्रा सहज भएको छ। यसअघि चौरी गोठमा बास बस्नुपर्ने अवस्था हटेको स्थानीयले बताएका छन्।

लाप्चा पुग्ने पर्यटकमा भारतबाट पैदल मार्ग हुँदै आउने भारतीय पर्यटकसँगै नेपालका काठमाडौं, पोखरा, चितवन र विराटनगरलगायत स्थानबाट आउने आन्तरिक पर्यटक पनि रहेका छन्।

यद्यपि हालसम्म लाप्चा पुग्ने पर्यटकको आधिकारिक तथ्याङ्क राखिएको छैन। तथापि, पछिल्लो समय आन्तरिक तथा बाह्य दुवै प्रकारका पर्यटकको संख्या बढ्दै गएको छ।

# ठेक्का लागेको पाँच वर्ष बित्दा पनि हुम्ला-मुगु जोड्ने पुलको निर्माण सुरु भएन



कााँक्रेविहार संवाददाता
सिमकोट, २० असार

मुगु र हुम्ला जोड्ने कर्णाली नदी माथिको दोमुख पक्की पुलको निर्माण सम्झौता भएको पाँच वर्षसम्म अलपत्र परेको छ। सम्झौताअनुसार निर्माण सकिनुपर्ने समय घर्किसक्दा पनि अझै राम्ररी काममसेत सुरु हुनसकेको छैन।

१४ मंसिर २०७८ मा १५ करोड ९३ लाख रुपैयाँ लागतमा पुल निर्माणका लागि श्री मृत सञ्जीवनी सेवा प्रालि, हेटौंडाले ठेक्का सकारेको थियो।सम्झौताअनुसार २०८३ जेठ ३० गतेभित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने थियो। तर, हालसम्म पनि पुलको भौतिक प्रगति शून्य रहेको जिल्ला पूर्वाधार विकास कार्यालय, मुगुका प्रमुख कृष्ण चापागाईंले जानकारी दिए।

निर्माण सम्पन्न गर्ने सम्झौता अवधि सकिँदा समेत काम अघि नबढेपछि निर्माण कम्पनीमाथि कारबाही प्रक्रिया थालिएको छ। अहिले कम्पनीसँग १५ दिनभित्र स्पष्टीकरण पेस गर्न सार्वजनिक सूचना जारी गरिएको छ।

जिल्ला पूर्वाधार विकास कार्यालय, मुगुले सार्वजनिक सूचनामार्फत मृत सञ्जीवनी सेवा प्रालिलाई प्रमाणसहित चित्तबुझ्दो स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ।

तोकिएको अवधि भित्र सन्तोषजनक जवाफ नआए ठेक्का तोडेर प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने कार्यालयले जनाएको छ। दोमुख पुल निर्माणमा भएको चरम ढिलासुस्ती, अनियमितता तथा जिम्मेवार निकायको लापरबाहीविरुद्ध मुगुका युवाहरूले खबरदारी अभियान पनि थालेका छन्।

अभियन्ताहरूकै दबाबका कारण जिल्ला पूर्वाधार विकास कार्यालयले ठेकेदार कम्पनीमाथि कारबाही प्रक्रिया अघि बढाएको उनीहरूको दाबी छ। यसैबीच, सोरु गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेटमा दोमुख क्षेत्रमा स्थायी पुल निर्माण नहुँदासम्म आवतजावत सहज बनाउन बेलीब्रिज निर्माणका लागि १ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ।

दोमुख पुल निर्माण नहुँदा मुगु र हुम्लाका बासिन्दा लामो समयदेखि मर्कामा पर्दैआएका छन्। यस्तै, यहाँ पुल नहुँदा कर्णाली कोरिडोर हुँदै रारा पुग्ने छोटो मार्ग प्रयोग गर्न पर्यटकलाई पनि कठिनाइ हुने गरेको छ।

## वर्षा सुरु भएसँगै रोपाइँ

# एक सातामै १८ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न



कााँक्रेविहार संवाददाता
बाँके, २० असार

बाँकेमा असार १२ गतेसम्म शून्य दशमलव पाँच प्रतिशत मात्रै धान रोपाइँ भएकोमा एक सातापछि असार १९ गतेसम्म १८ प्रतिशत पुगेको छ। कृषि ज्ञान केन्द्र बाँकेका अनुसार जिल्लामा आकाशे वर्षा भएपछि धान रोपाइँमा वृद्धि भएको हो।

कृषि ज्ञान केन्द्रले शुक्रबारसम्म जिल्लामा ६ हजार ८० दशमलव ४ हेक्टर अर्थात् कुल धान रोपाइँ हुने क्षेत्रको १८ प्रतिशत भूभागमा रोपाइँ सकिएको जनाएको छ।

केन्द्रका प्रमुख डा. विनोद घिमिरेले आकाशे वर्षा भएका कारण एक सातामा धान रोपाइँको दर बढेको जानकारी दिए। कार्यालयको तथ्याङ्कअनुसार असार १२ गतेसम्म जिल्लामा न्यून क्षेत्रफलमा मात्रै रोपाइँ भएको थियो।

कार्यालय प्रमुख घिमिरेले भने, “पर्याप्त वर्षा भएपछि जिल्लाभर धान रोपाइँ भइरहेको छ।” उनका अनुसार सिक्टा सिँचाइ आयोजनाको मूल तथा शाखा नहर आसपासका क्षेत्रमा बढी रोपाइँ भएको छ।

नेपालगञ्ज उपमहानगरपालिका, डुडुवा र नरैनापुर गाउँपालिकामा भने अहिले पनि रोपाइँ अन्यत्रको तुलनामा कम छ।

बाँकेमा कुल ५५ हजार ८२६ हेक्टर क्षेत्रफलमा खेती हुने गरेकोमा ३३ हजार ७८० हेक्टरमा धान रोपाइँ हुने गर्दछ।

यस वर्ष ढिलो गरी वर्षा सुरु भएका कारण रोपाइँ केही ढिलो भए पनि यहाँको रैथाने चलनअनुसार यो अवस्था सन्तोषजनक रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ। बाँकेमा किसानहरूले भदौ पहिलो सातासम्म धान रोपाइँ गर्ने भएकाले अहिलेको गतिलाई स्वाभाविक मान्नुपर्ने कार्यालयको भनाइ छ।

सिक्टा सिँचाइ सुविधा उपलब्ध भएका क्षेत्र तथा पम्पसेट एवं मोटरको प्रयोग गरी धानको ब्याड राखेका किसानहरूले वर्षा हुनासाथ धान रोपाइँलाई तीव्र पारेका छन्।

# कर्णालीमा गाडीसँगै बेपत्ता भएका ४ जनाको खुल्यो पहिचान



कााँक्रेविहार संवाददाता
दैलेख, २० असार

कर्णालीमा गाडीसँगै बेपत्ता भएकामध्ये चार जनाको पहिचाना खुलेको छ।

गाडी संगै कर्णालीमा खसेर हालसम्म फेला नपरेकाहरुमा सुर्खेतको पञ्चपुरी नगरपालिका - ८ माझीगाउँका चालक तुलसीराम सुवेदी, उनका सहोदर दाइ रामप्रसाद सुवेदी, कालीकोटको रास्कोट नगरपालिका - २ खड्का गाउँकी सृर्जना खड्का र कालीकोट पाचल झरना गाउँपालिका - ९ का मेखे तिरुवा रहेको बैतडीका प्रबक्ता प्रहरी निरीक्षक पुष्पराज रोकायाले बताए ।

कालीकोट पाचल झरना गाउँपालिका - ९ का ४५ बर्षीय जेखे तिरुवाको शव भने भीरमा अड्किएको अवस्थामा फेला परेको थियो।

उनको शव आफन्तले बुझिसकेका छन्।

असार १८ गते सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको गाडी दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिका-७ साङ्गेताडास्थित सडकबाट झन्डै ४०० मिटर तल कर्णाली नदीमा खसेको थियो।

गाडीमा कति यात्रु थिए भन्ने अझै यकिन भएको छैन।

सोही दिनदेखि नै नेपाल प्रहरी र सशस्त्र प्रहरीको गोताखोर परिचालन गरी खोजीकार्य भइरहेको छ।

शनिबार मात्रै सोनार क्यामरा र म्याग्नेट सहितको उपकरण लिएर गोताखोरले खोजी गरेको छ।

# मन्त्रालयको संख्या घटाउँदा २० अर्ब बचत

कााँक्रेविहार संवाददाता
काठमाडौं, २० असार

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले आफ्नो १०० दिने कार्यअवधिको प्रमुख उपलब्धि शनिवार सार्वजनिक गरेको छ। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज सरकारका प्रवक्ता सस्मित पोखरेलले पत्रकार सम्मेलनमार्फत ती उपलब्धि सार्वजनिक गरेका हुन्।

मन्त्री पोखरेलले सार्वजनिक गर्नुभएको पहिलो बुँदामा सङ्घीय मन्त्रालयको संख्या कटौतीको विषय समावेश गरिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनावी बाचापत्र उल्लेख भएबमोजिम मन्त्रालयको सङ्ख्या घटाए १८ कायम गरिएको प्रवक्ता पोखरेलले बताए। उनले मन्त्रालयको संख्या घटाएसँगै वार्षिक करिब रु २० अर्ब राज्य कोषमा बचत हुने अनुमान गरिएको बताए।

यसैगरी उनले अन्य संरचनाहरु खारेजी र समायोजन आदिबाट खर्च कटौती गरी कार्यक्षमता बढाउने जनाउँदै राजनीतिक दल निकट ट्रेड युनियन, विद्यार्थी सङ्गठन खारेजीलगायतका सुधारात्मक कार्यबाट सकारात्मक सन्देश गएको बताए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# विज्ञान प्रवर्द्धनमा कर्णालीको पहल



❑ काँक्रेविहार संवाददाता
सुर्खेत, २० असार

कर्णाली प्रदेशमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनको सम्भावनालाई उजागर गर्ने उद्देश्यले सुर्खेतको वीरेन्द्रनगरमा युवा वैज्ञानिक सम्मेलन सम्पन्न भएको छ।

कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आयोजना तथा ग्लोबल सस्टेनेबल रिसर्च एण्ड डेभलपमेन्ट सेन्टरको प्राविधिक सहयोगमा आयोजित सम्मेलनमा प्रदेशका १० वटै जिल्लाका विज्ञान शिक्षक, विश्वविद्यालयका विद्यार्थी, युवा वैज्ञानिक, अनुसन्धानकर्ता तथा विज्ञहरूको सहभागिता रहेको थियो। सम्मेलनको उद्घाटन गर्दै सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले कर्णाली समस्या मात्र नभई सम्भावनाले भरिएको प्रदेश भएको बताए। उनले परम्परागत ज्ञानलाई आधुनिक विज्ञान र प्रविधिसँग जोड्न सके कृषि, स्वास्थ्य, पर्यटन र उद्यमशीलतामा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिने धारणा राखे।

प्रदेश सरकारले डिजिटल पूर्वाधार विस्तार तथा विज्ञानमैत्री वातावरण निर्माणका लागि विभिन्न नीति तथा कार्यक्रम अघि बढाइरहेको उनले जानकारी दिए। साथै, कर्णालीका प्राकृतिक स्रोत र सम्भावनाबारे थप अनुसन्धान गर्न वैज्ञानिक तथा विज्ञहरूलाई आह्वान गरे।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का प्राज्ञ दिनेशराज भुजुले विज्ञान र प्रविधिको विकासका लागि राज्यको लगानी र अनुसन्धानमा जोड दिनुपर्ने बताए।

प्राकृतिक स्रोत मात्र भएर समृद्धि सम्भव नहुने उल्लेख गर्दै उनले उपलब्ध स्रोतको वैज्ञानिक र दिगो उपयोग गर्नुपर्नेमा जोड दिए।

सामाजिक विकास मन्त्रालयकी सचिव रोशनी श्रेष्ठले कर्णाली अनुसन्धानका लागि उपयुक्त भूमि भएको बताउँदै विज्ञान तथा प्रविधिको विकासलाई प्राथमिकता दिइएको जानकारी दिइन्।

सम्मेलनका विभिन्न विषयगत सत्रमा कृषि, सूचना प्रविधि, ऊर्जा, स्वास्थ्य तथा नवप्रवर्तनसम्बन्धी कार्यपत्र प्रस्तुत गरिएको थियो। साथै, युवा वैज्ञानिकहरूले विकास गरेका प्रविधि, अनुसन्धान परियोजना तथा स्थानीय उत्पादनको प्रदर्शनीसमेत गरिएको थियो।

कार्यक्रमको अवसरमा विज्ञान तथा प्रविधिको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका युवा वैज्ञानिक, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी तथा उद्यमीलाई सम्मान गरिएको आयोजकले जनाएको छ।


## सूचनामूलक सन्देश

- स्थानीय उत्पादनको प्रयोग गरौँ, गुणस्तरीय निर्माणलाई प्राथमिकता दिऔँ
- सल्यान जिल्लाको शारदा नगरपालिकामा सञ्चालित ग्रीन शारदा किल्न ले स्थानीयस्तरमै गुणस्तरीय ईंटा उत्पादन गरी निर्माण क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।
- घर, विद्यालय, सरकारी भवन, व्यावसायिक संरचना तथा अन्य भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने मापदण्डअनुसारका ईंटा उत्पादन तथा बिक्री-वितरण गर्दै आएको ग्रीन शारदा किल्नले स्थानीय उत्पादनको प्रयोगमार्फत रोजगारी सिर्जना, आर्थिक गतिविधि विस्तार तथा स्थानीय स्रोत साधनको उपयोगमा समेत टेवा पुऱ्याइरहेको छ।
- निर्माण कार्यमा गुणस्तरीय सामग्रीको प्रयोगले संरचनाको मजबुती, दीर्घायु तथा सुरक्षा सुनिश्चित गर्ने भएकाले ईंटा छनोट गर्दा प्रमाणित र गुणस्तरीय उत्पादनलाई प्राथमिकता दिन आवश्यक छ।
- ग्रीन शारदा किलन समयमै आपूर्ति, उचित मूल्य र ग्राहकमैत्री सेवामार्फत उपभोक्ताको विश्वास जित्दै आएको छ। स्थानीय उत्पादनको प्रवर्द्धनसँगै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउन सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता तथा सरोकारवालालाई गुणस्तरीय स्थानीय उत्पादनको प्रयोग गर्न हार्दिक अनुरोध गरिन्छ।

ग्रीन शारदा क्लिन शारदा
**शारदा नगरपालिका**
सल्यान, कर्णाली प्रदेश, नेपाल


# सेवा प्रवाहमा सुधारको सुरूवात

❑ काँक्रेविहार संवाददाता
सुर्खेत, २० असार

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले सय दिन पूरा गरेको छ। गएको चैत १३ गते गठन भएको बालेन सरकारले असार २० गते एक सय दिन पूरा गरेको हो। बालेन मन्त्रीपरिषद्को पहिलो बैठकले एक सय कार्ययोजना सार्वजनिक गरेको थियो।

नागरिकले भने सरकारप्रति धेरै आशा राखेका छन्। देशमा सुशासन कायम हुने, कार्यसम्पादन सहज र प्रभावकारी हुने आमनागरिकको अपेक्षा रहेको छ। यो छोटो अवधिमा पनि सरकारले धेरै सकारात्मक कार्यको सुरुवात गरेको छ।

स्थानीयस्तरमा नागरिकले सुशासनको प्रत्याभूति गर्न पाएको अनुभव गरेका छन्। वीरेन्द्रनगरका स्थानीय नम्रता श्रेष्ठले सुरुवाती चरणमा भए पनि सरकारले गरेका कामप्रति सन्तुष्ट हुने वातावरण रहेको बताए।

उनले एक सय दिनमा सबै कामको मूल्याङ्कन गर्न नसकिने तर सुरुवाती चरणका काम सन्तोषजनक भएको दाबी गरे। नयाँ सरकारले दीर्घकालीन रूपमा सम्बोधन हुने खालका कामको सुरुवात गरेको उनको भनाइ छ।

बालेन सरकार गठन भएसँगै सुशासनको अनुभूति भइरहेको वीरेन्द्रनगर-३ का राबहादुर थापाले बताए। कार्यालयमा सेवा लिन जाने सेवाग्राहीले छिटोछरितो, सहज र प्रभावकारी सेवा अनुभव गर्दै कामकारबाही सहज भएको अनुभव गर्न पाएको उनको भनाइ छ। सरकारले सबै निकायबाट भ्रष्टाचार न्यूनीकरण र कार्यसम्पादनलाई सहज बनाउनुपर्ने सुझाव थापाको छ।

सरकार गठनसँगै सार्वजनिक गरिएको सयबुँदे शासकीय सुधार कार्यसूचीले प्रशासनिक सुधार, सुशासन, सेवा प्रवाह, शिक्षा, डिजिटल प्रणाली, लगानी प्रवर्धन र भ्रष्टाचार नियन्त्रण प्राथमिकतामा रहेको नागरिक समाजका प्रतिनिधि सुमन गिरी बताउँछन्। उनका अनुसार सरकारका सय दिनमा केही महत्वपूर्ण कार्य परिणाम देखिने गरी सम्पन्न भएका छन्। नागरिकले सरकारको सूक्ष्म रूपमा अनुभूति गरिरहेका छन्।

सरकार गठन भएसँगै नागरिकले कार्यालयमा धाइरहनु पर्दैन कर्णालीका १० वटै जिल्लामा राहदानी घर घरमा पुऱ्याउन सुरु गरिएको छ। अहिले सुर्खेतका सबै स्थानीय तहमा हुलाकमार्फत जनताको घरदैलोमा राहदानी पुऱ्याउने गरिएको छ।

नेपाल सरकार मन्त्रीपरिषद्को गत चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले राहदानी, नागरिकता, प्रतिलिपि, लाइसेन्सलगायत सरकारी कागजात घरमै पुऱ्याउने व्यवस्था गरिएको थियो।

अहिले नागरिकलाई घर घरबाट सेवा दिने काम भइरहेको सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले बताए। प्रशासनले हाल सेवा प्रभावकारी बनाउन टोकन सिस्टम लागु गरेको छ। एक सय कार्यसूची अन्तर्गत तीन वटा कार्यसम्पादनका काम धमाधम भइरहेको उनको भनाइ छ। नागरिकता र सवारीचालक अनुमतिपत्र उपलब्ध गराउने विषयमा प्राविधिक तयारीको काम भइरहेको छ।

अन्य क्षेत्रको तुलनामा शिक्षा क्षेत्र झनै सफल क्षेत्रका रूपमा देखिएको शिक्षाका लागि राष्ट्रिय अभियानका कर्णाली प्रदेश संयोजक भूपेन्द्र कँडेलले बताए।

शिक्षा तथा खेलकुद मन्त्रालयले परीक्षा प्रणालीलाई समयबद्ध बनाउने, विश्वविद्यालय सुधार अघि बढाउने र डिजिटल सेवा विस्तार गर्नेलगायतका काम निकै राम्रा भएको उनको बुझाइ छ। माध्यमिक शिक्षा परीक्षा (एसइई), कक्षा १२ र विश्वविद्यालय तहका परीक्षाको नतिजा निश्चित समयसीमाभित्र सार्वजनिक गर्ने प्रणाली विकास गर्नेतर्फ काम अघि बढेको छ। विगतमा महिनौँसम्म नतिजा कुर्नुपर्ने अवस्थालाई अन्त्य गर्ने प्रयास सरकारको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको उनको भनाइ छ।


## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)